नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाडौं।

मितिः २०८२।१२।२७

## सूचना

विभागको कार्यालय प्रवेश गर्ने बाटोको वरपर तथा अन्य स्थानमा समेत रहेका केही साइबर सेन्टर (Cyber Centre), तालिम केन्द्र (इन्स्टिच्युट) तथा अन्य संस्थाहरूले "यहाँ श्रम गरिन्छ" वा "श्रम स्वीकृति सम्बन्धी कार्य गरिन्छ" वा "श्रम अनलाईन फारम भरिन्छ" वा यस्तै अन्य "श्रम" शव्दको प्रयोग गरी प्रचार–प्रसार गरी वैदेशिक रोजगारीमा जाने सेवाग्राहीलाई भ्रममा पार्ने, आकर्षण गर्ने, रकम असुल गर्ने वा बिचौलियाको रूपमा समेत कार्य गर्ने भन्ने गुनासो तथा जानकारी प्राप्त भएकोमा यस विभागको ध्यानाकर्षण भएको छ।

श्रम स्वीकृति सम्बन्धी कार्य प्रचलित कानुन बमोजिम वैदेशिक रोजगार विभाग तथा तोकिएका श्रम तथा रोजगार कार्यालयहरुबाट मात्र हुने व्यवस्था रहेकोमा सो काममा भ्रम श्रृजना गर्ने गरी हुने गरेका यस्ता लेखन तथा प्रचार प्रसार तत्काल बन्द गर्न तथा उपरोक्त अनुसारको प्रचार प्रसार गर्ने बोर्ड, होडिङ बोर्ड, फ्लेक्स वोर्ड, भित्ते लेखन लगायतको सामाग्री मिति २०८२।१२।३० गते सोमबार भित्र हटाउन सम्बन्धित सबै व्यवसायी, साइबर, संस्था तथा व्यक्तिहरूलाई यसै सूचनामार्फत निर्देशन दिइन्छ । अन्यथा वैदेशिक रोजगार ऐन, २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम कारबाही गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

(प्रा. अ.)

Contact: Website: www.dofe.gov.np, Email : info@dofe.gov.np, ☎ 01-4792616, 01-4792671, Fax: 01-4792606